# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६२२ मिति :- २०७१/५/४

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- मेशिनरी तथा औजारहरु भाडामा प्रयोग गरे वापतको सटही सुविधा ।

महाशय,

नेपाली उद्योगहरुले भारतवाट मेशिनरी तथा औजारहरु भाडामा लिई प्रयोग गरे वापत भुक्तानी गर्नु पर्ने रकम देहायका कागजातका आधारमा वार्षिक भा.रु. १० लाखसम्मको भुक्तानी बैंक तथा वित्तीय संस्था आफैले पठाउन सक्ने व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) नेपाली उद्योगले सटहीको लागि बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) नेपाली उद्योग र भारतीय मेशिनरी सामान आपूर्तिकर्ता वीच सामान भाडामा लिने दिने सम्वन्धमा भएको सम्झौता वा आपूर्तिकर्ताले जारी गरेको Invoice को प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(ग) सामान भाडामा प्रयोग गर्ने गरी धरौटीमा आयात भएको भन्सार प्रज्ञापनपत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(घ) नियमानुसार लाग्ने कर तिरेको प्रमाणित निस्शा पेश गर्नु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
५ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७ श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण बिभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल बिकास बैंक संघ, काठमाण्डौ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।